# जोरायल गाउँपालिका
## (Jorayal Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of The Rural Municipal Executive)

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९/०८०
सूचना नं. ०१

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

### आर्थिक वर्ष २०७९/०८० मा हुने खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सूचना

(सूचना प्रकाशित मिति: २०७९।०४।०१)

यस जोरायल गाउँपालिका कार्यालयका लागि आ.व. २०७९/०८० मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधन सहित) मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा निवेदन दिनहुन र आ.व. २०७९/०८० मा समेत अध्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र र व्यवसाय नविकरणको प्रमाणपत्रको फोटोकपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र नियमानुसार निवेदन दिनहुन जानकारी गराईन्छ ।

२०७९।०४।०१
नि. प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु:

# खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु

| समूह | सूचिकृत गर्नपर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| खरिद तथा आपूर्ति | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर,फाइल,कलम, पेन्सिल, स्टिपलर जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्बन्धित कार्यहरु । |
| | छपाइ सम्बन्धी कार्यहरु | लेटर प्याड, रजिस्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धित कार्यहरु । |
| | पत्रपत्रिका तथा पुस्तक सम्बन्धित | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी लिई बिक्री वितरण गर्ने सम्बन्धी कार्यहरु । |
| | फर्निचर तथा फिक्चर्स सम्बन्धित | काठ, स्टिल तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु । |
| | इलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्स मेसिन, युपिस जस्ता उपकरणहरु । |
| | सवारी साधन तथा सो का पाटपूर्जा | मोटरसाइकल, साइकल तथा गाडीका टायर, ट्युव तथा अन्य पाटपूर्जाहरु आपूर्ति तथा फिटिङ सम्बन्धि कार्यहरु । |
| | मेशिनरी तथा उपकरणहरु | इलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु सर्भे औजारहरु लगायत विभिन्न मेसिनरी । |
| | विज्ञापन, सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका वा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धी कार्यहरु । |
| | विद्युतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, विजुलीका बल्भ, ट्युवलाइट तथा विद्युतीकरणका लागि आवश्यक अन्य सामगग्रीहरु । |
| | कम्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय संचालन तथा सूचना तथा तथ्याङ्क भण्डारण विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्युटर सफ्टवेयर प्रोग्रामहरुको आपूर्ति सम्बन्धित कार्यहरु । |
| | इन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भइ प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा, टेलिफोन र सो सम्बद्ध सेवाहरु । |
| | औषधी तथा मेडिकल सामग्री आपूर्ति | औषधी व्यवस्था विभाग, आयुर्वेद वभाग वा पशुसेवा विभाग जस्ता नियमनकारी निकायबाट स्वीकृत भए बमोजिमका विभिन्न औषधीहरु, सर्जिकल सामानहरु, ल्याव रसाइनहरु जस्ता मेडिकल सामानहरु आपूर्ति सम्बन्धी कार्यहरु । |
| | खानेपानी आपूर्ति तथा धारा जडान सम्बन्धी कार्य | मिनिरल वाटर (जार तथा बोतल) आपूर्ति, ट्याङ्करबाट खानेपानी आपूर्ति गर्ने वा खानेपानीको लागि इनार, ट्युववेल, धारा आदि जडान गर्दा गर्नुपर्ने पाइप फिटिङ्ग सम्बन्धी कार्यहरु । |
| | राशन खरिद सम्बन्धी कार्य | खाद्यान्न आपूर्ति गर्नुपर्ने अस्पताल, भेटेरिनरि, कारागार, वालगृह, वृद्धाश्रम आदिका साथै सुरक्षा निकाय र खाद्यन्न सुविधा प्राप्त गर्ने निकायका कर्मचारीलाई खाद्यान्न साथै दुध, दही, घ्यु, तेल जस्ता पेय/ खाद्य सामग्री आपूर्ति सम्बन्धी कार्यहरु । |
| | पशुपंक्षीको दाना आहारा आपूर्ति सम्बन्धी कार्य | भेटनरी, पशु फार्म, अनुसन्धान केन्द्र जस्ता निकायमा रहेका पशुपंक्षी तथा गोडाको दाना वा आहारा आपूर्ति सम्बन्धी कार्यहरु । |
| | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी कार्य | ग्याँस, पेट्रोल, डिजल, मट्टितेल, लुब्रिकेन्ट्स, दाउरा, कोइला, इन्भटर, ब्याट्री, सोलार उपकरण आदि । |
| | लत्ता कपडा तथा ड्रेस आपूर्ति | अस्पताल तथा स्वास्थ्य संस्थामा प्रयोग हुने कपडा तथा निर्मित झोला (न्यानो झोला समेत), झुल, एप्रोन एवम् विभिन्न निकायको ड्रेस कोट अनुसार आपूर्ति गर्नुपर्ने ड्रेस, सोफाका खोल तथा पर्दाहरु जस्ता सामग्री । |
| | स्यानिटेशन(सरसफाई) का सामानहरु | शौचालय, धारा निर्माण एवम् सरसफाइमा प्रयोग हुने विभिन्न उपकरण तथा सामग्रीहरु । |
| | मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेसिनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु । |
| | नेटवर्किङ्ग सम्बन्धी कार्य | कम्प्युटर नेटवर्किङ्ग सम्बन्धी कार्य र सो मा प्रयोग हुने साधन वा सेवाहरु । |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| परामर्श तथा अन्य सेवा | अध्ययन अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने ईन्जिनियरिङ्ग सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतितिवेदन तयार सम्बन्धी कार्यहरु । |
| | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टिनेन्स सम्बन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स, सफ्टवेयर कस्टोमाइजेसन, टोनर, रिफिलिङ्ग आदि सम्बन्धी कार्यहरु । |
| | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेभसाइट निर्माण सम्बन्धी कार्यहरु । |
| | कुरियर सर्भिस | चिठ्ठीपत्र तथा स-साना पार्सल आदान प्रदान सम्बन्धी कार्यहरु । |
| | कागजात अनुवाद सम्बन्धी कार्यहरु | नेपाली वा अंग्रेजी भाषाबाट एक अर्कोमा हुने एवं यि भाषाबाट स्थानीय मात्री भाषामा हुने अनुवाद सम्बन्धी कार्यहरु । |
| | डकुमेन्ट्री तथा वृत्तचित्र निर्माण | सार्वजनिक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य दृष्य सामग्री, रेडियो पत्रिका, टेलिफिल्म, वृत्तचित्र आदि निर्माण गर्ने कार्यहरु । |
| | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, छलफल तथा बैठकको संचालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु । |
| | हवाइ तथा अन्य यातायात(ट्राभल एजेन्सी) | हवाई टिकट बुकिङ्ग तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्ध गराउने एजेन्सी सम्बन्धी कार्यहरु । |
| | तथ्याङ्क प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा तथ्याङ्क प्रविष्टि गरी अद्यावधिक गर्ने प्रकारका कार्यहरु । |
| | कार्यालय सुरक्षा तथा सरसफाई सम्बन्धी कार्यहरु | कार्यालय/सचिवालयलाई सुरक्षा चेकजाँचमा सहयोग गर्ने सुरक्षा गार्ड, दैनिक सरसफाइमा सहयोग गर्ने परिचर, बगैंचा तथा करेशाबारी गोडमेल गर्ने माली, सेप्टि ट्याङ्की सरसफाइ जस्ता संस्थागत रुपमा उपलब्ध गराउने सम्बन्धी सेवाहरु । |
| | रंगरोगन तथा सजावट सम्बन्धी कार्यहरु | भवन तथा झ्याल/ढोका फर्निचर, काठ तथा विभिन्न संरचना र कम्पाउण्डमा रंगरोगन गर्ने तथा पर्दा, कार्पेटिङ्ग, फ्लोरिङ्ग आदि सम्बन्धी कार्यहरु । |
| | क्याटरिङ्ग, क्यान्टिन तथा खाजा नास्ता सम्बन्धी कार्यहरु | क्याटरिङ्ग सेवा, पाल, सायार, समियाना, मेच, टेबुल आदि भाडामा उपलब्ध गराउने, क्यान्टिन सेवा संचालन गर्ने वा खाजा नास्ता उपलब्ध गराउने । |
| | सेवा करार सम्बन्धी कार्यहरु | सेवा परामर्श अन्तर्गत सेवा करारबाट प्रदान हुने परिचर, ड्राइभर, कार्यालय सहयोगी, सचिवालय संचालन संग सम्बन्धित अपरेटरहरुको सेवा प्रदान सम्बन्धित कार्यहरु । |
| गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवाहरु | जनचेतना अभिवृद्धि सम्बन्धी कार्यहरु | नागरिक सचेतनाको लागि आयोजना गरिने चेतनामुलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई जस्ता कार्यहरु । |
| | अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाती तथा समुदायको सशक्तिकरण एवं मूल प्रवाहीकरणको लागि संचालन हुने भेला, प्रशिक्षण, गोष्टी, तालिम आदि कार्यहरु । |
| | वन तथा वातावरण संरक्षण, प्रवर्द्धन जस्ता कार्यहरु | वृक्षारोपण, विरुवा उत्पादन, वनजंगल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु |
| | जनसहभागिता प्रवर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिंचाई, तटबन्धन, ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु । |
| निर्माण व्यवस्थापन | सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कार्यहरु | भवन, सडक, सिंचाई, तटबन्धन, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण तथा निर्माणकै हैसियतमा मर्मत संभार गर्नुपर्ने सम्बन्धी कार्यहरु । |
| | नर्सरी निर्माण तथा विरुवा उत्पादन र आपूर्ति | काँडेतार, पोलिथिन ब्याग, बिउ, औंजार, माटो तथा मल आदि र उत्पादित विरुवा आपूर्ति सम्बन्धी कार्यहरु । |
| अन्य | अन्य सामग्री तथा सेवा | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नु अघि सूचिकृत गर्नुपर्ने प्रकारका वस्तु सामग्री वा सेवाहरु, यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्बन्धीत सेवा स्पेसिफिकेसन खुलाई सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ । |

नि. प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७९।.....।.....

श्री कार्यालय प्रमुख ज्यू,
जोरायल गाउँपालिका, डोटी ।

**विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम १ बमोजिम तपसिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

**(१) मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः**

| | |
|---|---|
| नामः | ठेगानाः |
| पत्राचार गर्ने ठेगानाः | मुख्य व्यक्तिको नामः |
| टेलिफोन नम्बरः | माबाइल नम्बरः |

**(२) मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला ।**

| | | |
|---|---|---|
| संस्था वा फर्म दर्ताको प्रमाणपत्र | छ | छैन |
| नविकरण गरिएको | छ | छैन |
| मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र | छ | छैन |
| कर चुक्ताको प्रमाणपत्र | छ | छैन |
| कुन खरिदको लागि मौजुदा सूचिमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि | छ | छैन |

**(३) सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः**

| | | | |
|---|---|---|---|
| मालसामनको आपूर्तिः | | निर्माण कार्यः | |
| परामर्श सेवाः | | अन्य सेवाः | |
| निवेदन दिएको मितिः | | निवेदकको नामः | |
| आ.व. | | हस्ताक्षरः | |

फर्मको छाप